# सन्धिखर्क नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### सन्धिखर्क,अर्घाखाँची
### ५न.प्रदेश,नेपाल

प.स:०७६/०७७

च.न:४०३

**आ.व. २०७६ ०७७को औषधीतथा सर्जिकल सामानहरुको खरिद सम्वन्धी सिलवन्दी *दरभाउपत्र* आव्हानको सूचना।**

सिलवन्दी दरभाउपत्र नं. २१/०७६/०७७

प्रथम पटक प्रकाशितमिति २०७६/०८/१६

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि चालु आ.व. २०७६/०७७ मा आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानहरु शिलवन्दी दरभाउपत्र को माध्यमबाट खरिद गरिने भएकोले ईच्छुक ईजाजत प्राप्त रजिष्टर्ड, उत्पादक कम्पनी तथा वितरकले निम्न शर्तको अधिनमा रहि रीतपूर्वकको दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१ प्रथमपटक सूचना प्रकाशन भएको मितिले १५दिन कार्यालय समयभित्र रु. १०००/- (फिर्तानहुने गरी) नगद दाखिला गरेपछि आयकर दर्ता प्रमाणपत्र तथा मु.अ. कर दर्ता प्रमाणपत्र, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखीरु. १० को टिकट टाँसी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिले दरभाउपत्र फाराम यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२ सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२.०० वजेभित्र दरभाउपत्र रीतपूर्वक भरी यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ। दर्ता भएका शिलवन्दी दरभाउपत्र सोही दिनको १:०० वजे शिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। शिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन। शिलवन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

३ शिलवन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम रा.वा. वैंक सन्धिखर्क शाखामा रहेको खाता नं. ३०५०३०३००७१०६ मा दाखिला गरेको सक्कलै दोश्रो प्रति वैंक भौचर वा कम्तीमा ९० दिन म्याद -शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि) भएको मान्यता प्राप्त वैंकको वैंक जमानीपत्र शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ३ प्रतिशत वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने छ वा यस कार्यालयको नाममा परफरमेन्स वण्ड जारी गर्नुपर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिणत गर्न पाईने छैन।

४ शिलवन्दी दरभाउपत्र दाताले मूल्यअभिवृद्धि कर वाहेकको दर अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा स्पष्ट उल्लेख भएको दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यना दिईनेछ। शिलवन्दी दरभाउपत्र मा केरमेट भएको ठाउँमा दस्तखत गरी छाप लगाउनु पर्ने छ।

५ नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त भएका शिलवन्दी दरभाउपत्र फारामहरु कारण जनाई वा नजनाई दरभाउपत्र प्याकेजमा(एकमुष्ट) स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। शिलवन्दी दरभाउपत्र माउल्लेख भएको औषधीहरुको परिमाणमा आवश्यकता अनुसार थपघट गर्न सकिने छ। यसरी थप गरिएको परिमाणमा थप मूल्य वृद्धिलाई स्वीकार गरिने छैन।

६ शिलवन्दी दरभाउपत्र दाताले आफूले खरिद गरेकै शिलवन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ। फोटोकपी गरी पेश गरेको शिलवन्दी दरभाउपत्र लाई मान्यता दिईने छैन। साथै शिलवन्दी दरभाउपत्र मा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन।